संक्षिप्त नाम, विस्तार र प्रारम्भ — १. (१) यस ऐनको नाम "नेपाल निजामती सेवा ऐन, २०१३" रहेको छ।

(२) यो ऐन नेपालभर मुलुकमा तुरुन्त लागू हुनेछ।

परिभाषा — २. विषय अथवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) 'निजामती सेवा' भन्नाले अनुसूचिमा उल्लेख भएका निजामती सेवा सम्झनुपर्छ।

(ख) 'निजामती कर्मचारी' भन्नाले पुलीस कर्मचारीको पदमा बाहेक कुनै निजामती पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्छ।

(ग) 'गजेटेड पद' भन्नाले अनुसूचिको भाग (क) मा उल्लेख भएको कुनै निजामती सेवामा ठेकिएको पद र 'नन् गजेटेड पद' भन्नाले अनुसूचिको भाग (ख) मा लेखिए-बमोजिमको कुनै निजामती सेवामा ठेकिएको पद सम्झनुपर्छ।

(घ) 'अख्तियारवाला' भन्नाले दफा ४ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनुपर्छ।

(ङ) 'माथिल्लो पद' भन्नाले बढी तलब भएको पदसमेत सम्झनुपर्छ।

(च) 'बढुवा' (प्रमोशन) भन्नाले माथिल्लो पदमा सरुवा भएको सम्झनुपर्छ।

(छ) 'सेवा बाट हटाउनु' भन्ने शब्दहरूले सेवाबाट बर्खास्त गर्नुसमेत जनाउँछ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**निजामती सेवाहरूको गठन**

३. (१) मुख्यतः हाल बहाल भइरहेका व्यक्तिहरूमध्येबाट हरएक निजामती सेवाको गठन गर्न सरकारले नियम बनाई व्यवस्था गर्न सक्छ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी देहायको विषयमा समेत नियमहरू बन्न सक्नेछन् ।

(क) त्यस्तो हरेक निजामती सेवामा नियुक्त गर्न लायक बेलायक छुट्याउन सल्लाहकार समितिहरूको गठनको व्यवस्था गर्ने ।

(ख) यस उपदफाको खण्ड (क) बमोजिमको काम कर्तव्य गर्दा सल्लाहकार समितिले विचार राख्नुपर्ने सिद्धान्त र जाँच्ने तरिका तोक्ने ।

(ग) कुनै निजामती सेवामा या कुनै निजामती सेवाका श्रेणीमा भर्ना भएका व्यक्तिहरूमध्ये परस्परमा सीनियर छुट्याउनेबारेको सिद्धान्त तोक्ने ।

(घ) त्यस्ता हरेक व्यक्तिको तलब ठेक्नेबारेको सिद्धान्त तोक्ने ।

(ङ) हरेक निजामती सेवामा ठिक र योग्य व्यक्तिहरू ल्याउनको लागि चाहिने सबै कुराको व्यवस्था गर्ने ।

**नियुक्ति**

४. निजामती सेवाहरू र निजामती पदहरूमा देहायबमोजिम नियुक्ति हुनेछ ।

(क) गजेटेड पदमा सरकारले, र

(ख) सो बाहेक अरू पदमा सरकारले नियमअनुसार अख्तियार दिएको व्यक्तिले ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवाको अवधि ५. हरेक निजामती कर्मचारीको सेवाको अवधि सरकारको इच्छानुसार हुनेछ । तर—

[क] अख्तियारवालाभन्दा कम दर्जाका कुनै कर्मचारीले कुनै पनि निजामती कर्मचारीलाई बर्खास्त गर्न वा दर्जा वा तलब घटाउन पाउँदैन ।

[ख] कुनै पनि निजामती कर्मचारीलाई बर्खास्त गर्दा वा दर्जा वा तलब घटाउँदा दफा ६ वा लेखिएको कार्यविधि पालन गर्न पर्छ ।

दर्जा घटाउने वा मन मानी बर्खास्तीबाट निजामती कर्मचारीको बचाउ ६. (१) कुनै निजामती कर्मचारीलाई निजउपर गरिने कारवाईको सम्बन्धमा सफाईको सबूद दिने मनासिब-माफिकको मौका नदिई बर्खास्त गर्न वा दर्जा वा तलब घटाउन हुँदैन ।

तर देहायका अवस्थामा यो उपदफा लागू हुनेछैनः—

(क) नैतिक पतनको फौजदारी अभियोगमा कसूर ठहरिएबापत निजामती कर्मचारीलाई दर्जा वा तलब घटाइएको वा पदबाट हटाइएकोमा;

(ख) अख्तियारवालाको चित्तमा माथि लेखिएको मौका दिँदा अव्यावहारिक हुन्छ भन्ने लागी त्यसको कारण खुलाई पर्चा खडा गरेकोमा ।

(ग) म्यादी [टेम्पोरेरी] पदमा बहाल भएकोमा ।

(घ) सालबसाली पदका कायम मुकायम भएकोलाई साबिक पदमा ओराल्नलाई ।

(ङ) दफा ३ बमोजिम निजामती सेवाहरूको गठन हुँदा पदबाट हटाइएको वा दर्जा वा तलब घटाइएकोमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[२] उपदफा (१) बमोजिम कुनै निजामती कर्मचारीलाई सूचना (नोटिस) दिनुभन्दा अगावै अख्तियारवालाले अभियोग लागेको कर्मचारीउपर इन्क्वायरी अफिसर-द्वारा विभागीय जाँचबुझ गराउन सक्नेछ। सो इन्क्वा-यरी अफिसरले देहायबमोजिम गरी कारवाई चलाउन पर्छ।

[क] त्यस्तो अभियोग लागेका निजामती कर्मचारीको रोहबरमा सबूत प्रमाण बुझ्ने।

[ख] त्यस्तो निजामती कर्मचारीलाई साक्षीसँग जिरह गर्ने र अभियोगको विरुद्ध सबूत प्रमाण दाखिल गर्ने मौका दिने।

[ग] खडा भएको मिसिल प्रमाण हेरी आफ्नो ठहर अख्तियारवालाकहाँ पेश गर्ने।

[३] धर्म भकाई बयान गराउने र लिखित प्रमाणहरू दा-खिल गराउन कर लगाउन सक्ने र साक्षीका नाउँमा सम्मन जारी गर्ने बारेमा अदालतको सबै अख्तियार उपदफा (२) बमोजिम कारवाई गर्ने इन्क्वायरी अफि सरलाई प्राप्त हुनेछ।

भर्ना र सेवाको शर्त ७. [१] निजामती सेवाहरूमा वा निजामती पदहरूमा बहाल हुने व्यक्तिहरूको भर्ना र सेवाको शर्त व्यवस्थित गर्न सरकारले नियम बनाउन सक्नेछ।

[२] उपदफा [१] अन्तर्गत पहिला पटक नियम जारी भए-पछि सो नियमलाई संशोधन गर्ने पछि पछिका नियमले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो संशोधित नियम हुनुअगावै बहाल रहेको कुनै निजामती कर्मचारीलाई तलब वा पेन्सनमा हानि नोक्सानी कुनै किसिमसँग असर गर्ने भएमा त्यस्तो कर्मचारीले सो संशोधित नियमबमोजिम गर्न मन्जूर गरेको लिखित स्वीकृति नभई निजलाई लागू हुन सक्तैन ।

[२] उपदफा [१] अन्तर्गत बनेको नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीका सम्बन्धमा सरकारले उचित र न्यायसंगत तरिकाबाट कारवाई गर्न सक्छ ।

तर—

कुनै खास नियम कुनै व्यक्तिउपर लागू हुने रहेछ भने सो नियमले दिएको अधिकारमा कुनै हानिनोक्सानी हुने गरी कारवाई गर्न हुँदैन ।

सरुवा र प्रमोशन व्यवस्थित गर्ने सिद्धान्तहरू

८. (१) दफा ७ अन्तर्गत बनेका नियमहरूले हरेक सेवामा तोकिएको पदको दरबन्दी र व्यवस्था गर्न सक्छ र दफा ३ अन्तर्गत एक पटक सेवाको गठन भैसकेपछि सोही सेवाको सदस्य नभै कोही पनि सो सेवा पदमा ६ महिनाभन्दा बढी नियुक्त हुन सक्तैन ।

(२) दफा ७ अन्तर्गत बनेका नियमहरूबमोजिम माथिल्लो पदमा नियुक्त हुनको निमित्त योग्य भएका उपयुक्त सेवा वा श्रेणीका निजामती कर्मचारीहरूमध्ये सबभन्दा सीनियर नभई प्रमोशन हुनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सर देशायको अवस्थामा अख्तियारवालाले त्यस्तो सबभन्दा सीनियर निजामती कर्मचारीलाई प्रमोशन नदिन पनि सक्छ —

(क) त्यस्तो निजामती कर्मचारी माथिल्लो पदमा नियुक्त हुन योग्य वा लायक छैन भने, वा

(ख) कुनै जूनियर निजामती कर्मचारी विशेष योग्यता तालीम वा अनुभवले सो माथिल्लो पदमा नियुक्त हुन खास तवरले योग्य छ भने।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशिष्ट पदको हकमा योग्यता (मेरिट) कै आधारमा मात्र प्रमोशन दिइनेछ।

स्पष्टीकरण:—यस उपदफामा विशिष्ट पद भन्नाले नेपाल सरकारको सेक्रेटरीको पदलाई र दफा ७ अन्तर्गत बनेका नियमहरूमा विशिष्ट पद भनी तोकिएको त्यस्तै अरू पद सम्झनुपर्छ।

(४) सरुवा र प्रमोशन गर्दा विचार राख्नुपर्ने सिद्धान्तहरू नेपाल सरकारले यस दफामा माथि लेखिएका कुराहरूको अधीनमा रही नियम बनाउन सक्छ।

नालिस गर्ने उपाय

६. (१) दफा ६ को उपदफा (१) बमोजिम गीत नपुऱ्याई अरू कुनै किसिमबाट ग्याजेटेड पदको कर्मचारी सेवाबाट हटाइएमा, हटाइने आदेश गैर कानूनी हुँदा सो पदमा बहाल रहेकोले गैर कानूनी तवरबाट हटाइएको मितिदेखि था मरका मितिसम्मको तलब पाऊँ भनी निजले सरकार उपर सर्वोच्च अदालतमा नालेस गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सक्छ र यस विषयमा सर्वोच्च अदालतको निर्णय अन्तिम हुनेछ ।

यस्तो नालेस परेपछि उक्त पदबाट हटाउन सरकारले दिएको आदेश ठिक छ वा छैन भन्नेतर्फ विचार गर्न सर्वोच्च अदालतलाई अधिकार हुनेछैन ।

तर देहायबमोजिम नभै सर्वोच्च अदालतले त्यस्तो नालेस लिनेछैन।

(क) मुद्दा चलाउने कारण, दावी गरेको कुरा, वादी हुनेको वा निजको वारेसको नाम ठेगाना खोली नेपाल सरकारको सेक्रेटरीलाई सूचना दिएको वा हुलाकबाट रजिष्टरी गरी पठाएको २ महिना ननाघी, र

(ख) बरखास्त भएको मितिदेखि ४ महिनाभित्र नालेस नपरी।

(२) दफा ६ को उपदफा (१) बमोजिम रीत नपुऱ्याई वा बेठिक र गलत किसिमबाट नन्-ग्याजेटेड पदको निजामती कर्मचारी सेवाबाट हटाइएमा हटाउने आदेश दफा ६ को उपदफा [१] को रीत नपुगेको वा बेठिक र गलत हुँदा सो पदमा बहालै रहेकोले हटाइएको मितिदेखि थामिएको मितिसम्मको तलब पाऊँ भनी निजले ३५ दिनभित्र सरकारमा उजुर गर्न सक्छ । यस्तो उजुर परेपछि सरकारले लोक-सेवा आयोग ( प.स.क. ) सँग सल्लाह गरी निर्णय गर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हु

(३) अख्तियारवालाले दिएको आदेशले कुनै व्यक्तिलाई मर्का परेको छ भन्ने सो आदेश यो ऐन र यस अन्तर्गत बनेका नियमविरुद्ध छ भनी मात्र निजले सरकारमा निवेदनपत्र दिन सक्नेछ । सरकारले पनि निजामती सेवा समितिसँग सल्लाह गरी उचित आदेश दिन सक्नेछ ।

निजामती सेवासमितिमा सर्वोच्च अदालतका प्रधान न्यायाधीश वा निजले मनोनीत गरेका सो अदालतका न्यायाधीश, लोकसेवा आयोग (प.स.क.) का अध्यक्ष वा निजले मनोनीत गरेको सो आयोग (कमिशन) का सदस्य र सरकारबाट मनोनीत गरेको व्यक्ति १ समेत जम्मा ३ सदस्य रहनेछन् ।

(४) उपदफा (३) मा लेखिएकोमा बाहेक कुनै निजामती कर्मचारीको सम्बन्धमा अख्तियारवालाले गरेको कारवाई यो ऐन र यसअन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरु वखिलाप भएमा पनि कुनै अदालतमा नालेस निवेदनपत्र लाग्न वा अरु कानुनी कारवाई चल्न सक्तैन ।

निजामती कर्मचारीको बचाउ

१० निजामती कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालनमा वा ओहदाको कर्तव्य पालन संझी गरेको कुनै सरकारी कामको सम्बन्धमा निजामती कर्मचारीउपर ।——

(क) अख्तियारवालाले अनुमति नदिएसम्म कुनै फौजदारी मुद्दा चल्न सक्तैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) देहायमा लेखिएबमोजिम नभै कुनै देवानी मुद्दा चल्न सक्तैन ।

(१) मुद्दा चलाउने कारण र वादी हुनेको र निजको वारिस भए त्यसको नाम र ठेगाना खोली लिखित सूचना (नोटिस) अख्तियारवालालाई वा सम्बन्धित निकायती कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्टरी गरी पठाएको र त्यसको १ प्रति नक्कल सरकारमा पेश गरेको २ महिना ननाघी, र

(२) मुद्दा चलाउने कारण भएको ८ महिनाभित्र मुद्दा दायर नभई ।

खारेजी ११. यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमहरूमा लेखिएका कुराहरूसँग बाझिनेजति सबै ऐन सवालहरू खारेज भएको वा यस ऐनसँग मिल्ने गरी संशोधित भएको मानिनेछ ।

## अनुसूची

### भाग (क)

#### गजेटेड सेवा

१. नेपाल शिक्षा सेवा ।

२. नेपाल न्याय सेवा ।

३. नेपाल स्वास्थ्य सेवा ।

४. नेपाल प्रशासन सेवा ।

५. नेपाल इञ्जीनियरिङ्ग सेवा ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. नेपाल वन सेवा ।

७. नेपाल कृषि सेवा ।

८. नेपाल वैदेशिक सेवा ।

९. नेपाल राजप्रासाद सेवा ।

१०. नेपाल गजेटमा सूचना प्रकाश गरी सरकारले तोकेबमोजिमको अरू कुनै सेवा ।

## भाग (ख)

नन्–गजेटेड सेवा

नेपाल गजेटमा सूचना प्रकाश गरी सरकारले तोकेबमोजिमका सेवाहरू ।

सदर मिति संवत २०१६ साल भाद्र २२ गते रोज ५ मा

आज्ञाले—

नयनबहादुर;

कॉ. मु. सेक्रेटरी—कानूनमन्त्रालय.

## कानूनमन्त्रालय

श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहले बनाइबक्सेको तल लेखिएको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

## २०१६ सालको ऐन नं.१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखा दक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जंगबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समर विजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।